# तुलसी खेती कार्यक्रम कार्यान्वयन कार्यविधि

## २०८०

## कटहरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## कटहरी,मोरङ

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

## तुलसी खेती कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८०

### पृष्ठभुमी

मोरङ्ग जिल्लाको कटहरी गाउँपालिकाको बिराटनगर महानगरपालिकासँग सिमाना जोडिएको छ । बिराटनगर महानगरपालिकाबाट यो गाउँपालिका सिंघिया खोलाले छुटिएको छ । यस गाउँपालिकाको क्षेत्रफल ५१.५९ बर्ग.कि.मी.रहेको छ । यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरुको मुख्य पेशा भनेको कृषि नै रहेको छ । यस गाउँपालिकामा बस्ने मानिसहरु रोजगारी तथा जिबिकोपार्जनको लागी यस कृषि क्षेत्रमा निर्भर रहने भएकोले यस सर्न्दभमा कटहरी गाउँपालिकाले वडा नंम्बर ५ मा जडीबुटीको आर्यूबेदिक उधोग रहेको हुनाले तुलसी खेती गराई जडीबुटी (कृषि उत्पादन) र उत्पादकत्वमा बृद्धि गरी वडा नं. ५ का कृषकहरुको जिवनस्तर सुधार गर्ने उदेश्यले यस आ.ब. २०८०/०८१ मा बजेट बक्तब्य मार्फत कार्यकम संचालन गर्ने गरी बजेट ब्यवस्था गरेको छ । सो कार्यकमलाई प्रभाबकारी रुपमा संचालन गर्न तुलसी खेती कार्यकम कार्यान्वयन कार्यबिधि , २०८० तयार गरिएको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१. यो कार्यबिधिको नाम तुलसी खेती कार्यकम कार्यान्वयन कार्यबिधि २०८० रहेको छ ।

२.यो कार्यबिधि कटहरी गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

३.यस आ.ब.२०८०/०८१ मा तुलसी खेती कार्यकम यस कटहरी गाउँ कार्यपालिकाको कार्यालय वडा नं.- ५ मा संचालन गरिने छ । आगामी आ.ब.हरुमा कार्यकम संचालन गरिने वडाहरु बार्षिक कार्यकममा उल्लेख भएमा सोहि बमोजिम तोकिने छ ।

**२.परिभाषा :**

**(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -**

(क) तुलसी खेती कार्यकम भन्नाले आर्युबेदिक औषधी जडीबुटी खेती भन्ने बुझ्नु पर्दछ ।

**३.उद्देश्य :**

**(१) यस कार्यकमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :**

(क) तुलसीको उत्पादन र उत्पादकत्व बृद्धि गर्न ।

देवराज चौधरी
अध्यक्ष

(ख) कृषकहरुको रोजगारी तथा आय आर्जनको अबसरहरु श्रृजना गरि जिबनस्तर सुधार ल्याउन सहयोग पुर्‍याउने ।

परिच्छेद - २

तुलसी खेती कार्यक्रम तथा कार्यक्रम संचालन विधि :

**४. तुलसी खेती कार्यक्रम संचालन गर्ने निकाय :**

१) यस कार्यबिधि अन्तरगत तुलसी खेती उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

२) यस कार्यक्रम प्रर्बनात्मक ,अनुगमन तथा क्षमता विकास लगायतका कियाकलापहरु कटहरी गाउँ कार्यपालिकाको कार्यालय र कृषि सम्वन्धि समिति र कृषि विकास शाखाले गर्ने छ.।

३. कटहरी गाउँ कार्यपालिकाको कार्यालय र कृषि विकास शाखाले अनुदान रकम प्रति कठ्ठा रु. ३०००।- तीन हजारका दरले अनुदान रकम उपलब्ध गराउने, अभिमुखीकरण गोष्ठी ,बजार ब्यबस्थापन गोष्ठी, तालिम संचालन गर्ने साथै उक्त कार्यकमहरुको अनुगमन कार्य गर्नेछ ।

४. तुलसी खेती कार्यक्रम कटहरी गाउँकार्यपालिकाको कार्यालय अन्र्तरगतको कृषि विकास शाखा मार्फत संचालन हुनेछ

**५. तुलसी खेती कार्यक्रम लागी कृषक ,कृषक समुह ,कृषि सहकारी, कृषि फर्म र कृषि कम्पनी छनौटका आधारहरु :**

१. कटहरी गाउँ कार्यपालिकाको कार्यालय वडा नम्बर ५ वडा भरीका कृषकहलाई प्राथमिकता दिईने छ ।

२. तुलसी खेती आफ्नै जमिन, भाडा वा करारमा लिइएको जमिनमा गर्न सकिनेछ ।

३. यो कार्यक्रम ब्यक्तिगत कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म र कृषि कम्पनी मार्फत संचालन गरिनेछ ।

**६.तुलसी खेती कार्यक्रम संचालन प्रकिया :**

१) स्वीकृत कार्यक्रम अख्तियारी प्राप्त भएपछि सम्बन्धित कटहरी गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखाले कार्यक्रम संचालन /कार्यान्वयन गर्नेछ ।

२) कटहरी गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखाले तुलसी खेती कार्यक्रम कार्यान्वयनको लागि कृषक ,कृषक समुह ,कृषि सहकारी, कृषि फर्म र कृषि कम्पनीलाई जानकारी गराई कार्यान्वयनको लागि परिचालन गरिने छ ।

देवराज चौधरी
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

३) छनौट गरिएका कृषक ,कृषक समुह ,कृषि सहकारी, कृषि फर्म र कृषि कम्पनी सँग अनुसुचि-१ मा उल्लेख ढाँचामा सम्झौता गरी स्वीकृत कार्यक्रम अनुसारका कियाकलापहरु कार्यान्वयन तथा संचालन गर्नुपर्ने छ ।

४) यस कार्यक्रममा सहभागी हुने चाहने कृषक, कृषक समुह ,कृषि सहकारी, कृषि फर्म र कृषि कम्पनीले कम्तीमा प्रति ब्यक्ति १ कठ्ठा क्षेत्रफलमा र कृषक समुह, कृषि सहकारी कृषि फर्म तथा कम्पनीले कम्तिमा १-०-० ( एक बिगाहा ) तुलसी खेती गर्नुपर्ने छ ।

५) छनौट गरिएका कृषक ,कृषक समुह ,कृषि सहकारी, कृषि फर्म र कृषि कम्पनीलाई कम्तीमा प्रति कठ्ठा बढीमा रु.३०००।००( तिन हजार ) अनुदान रकम उपलब्ध गराईने छ । छनौट गरिएका कृषक तथा संस्थाहरुले तुलसी उत्पादन सामाग्रीहरु खरिद गरी कार्य आरम्भ गर्नुपर्ने छ र बाली स्थापित भईसकेपछि कार्य सम्पादनको आधारमा कटहरी गाउँकार्यपालिकाको कार्यालयको अनुगमन समिति आर्थिक बिकास समितिले अनुगमन गरि सकेपछि प्रतिवेदनको आधारमा सम्झौता बमोजिम एकमुष्ट भुक्तानी गरिनेछ ।

तालिका : १ अनुदान प्रवाह सम्बन्धि विवरण :

| विवरण |
|---|
| तुलसी खेती उत्पादन गर्दा चाहिने सामाग्रीहरु |

## परिच्छेद - ३
## विविध

**७. अनुगमन तथा मुल्यांकनको ब्यबस्था :** १) कटहरी गाउँ कार्यपालिकाको कार्यालयको अनुगमन समिति,आर्थिक विकास समिति र कृषि विकास शाखाबाट नियमित अनुगमन गरिनेछ ।

**८.कारवाहीको ब्यबस्था :** १) कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही हुनेछ ।

देवराज चौधरी
अध्यक्ष

CamScanner

प्रमुख प्रशासकीय अधि

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

अनुसुचि : १

( परिच्छेद-२ को दफा ६ को क.सं. ५ को तालिका नंम्बर १ अनुसार )

तुलसी खेती कार्यक्रम संचालनको लागी गरिने सम्झौता पत्र

कटहरी गाउँकार्यपालिकाको कार्यालयको आर्थिक सहयोगमा कटहरी गाउँपालिका कृषि बिकाश शाखा मार्फत संचालन गरिने आ.ब.२०८०/०८१ को तुलसी खेती कार्यक्रम संचालन गर्न कटहरी गाउँपालिका .................... पहिलो पक्ष भनिने ................................................ कृषक ,कृषक समुह ,कृषि सहकारी र कृषि फर्म कम्पनी ( यस भन्दा पछाडि दोस्रो पक्ष भनिने ) बिच तपशिलका शर्तहरु बमोजिम कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमती गरिएको छ।

१. दास्रो पक्षले व्यक्तिगत तुलसी खेती गर्नका लागी कम्तिमा १ कठ्ठा क्षेत्रफलमा गर्नु पर्ने र सामुहिक गर्नको लागी कम्तिमा १-०-० एक बिघा क्षेत्रफलमा गर्नुपर्ने छ।

२.दोस्रो पक्षले तुलसी खेती कार्यान्वयन कार्यबिधि परिच्छेद २ को दफा ६ को क.सं. ५ को तालिका नंम्बर-१ अनुसार उत्पादन सामाग्रीको लागी सम्बन्धित कियाकलाप अनुसार अनुदान रकम कार्यसम्पादन भई सकेपछि एकमुष्ट भुक्तानी गरिने छ। कार्यक्रम अुसार घुम्ती तालिम तथा अन्य तालिम पनि संचालन गरिने छ।

तुलसी खेती गर्दा संचालन गर्ने कियाकलापहरु :

क) तुलसीको बिउ।

ख) सिंचाई व्यबस्थापन सामाग्रीहरु।

ग) रसायनिक बिषादी बाहेक जैबिक बिषादीहरु र संरक्षणका बिधिहरुको लागी सहयोग जस्तै पावर स्प्रेयर, मास्क , एप्रोन ।

घ) रसायनिक मल बाहेक जैबिक मल, कम्पोष्ट मल , प्राङ्गारिक मलहरु।

३.पहिलो पक्षबाट दास्रो पक्षलाई तुलसी खेती सम्बन्धि आवश्यक प्राबिधिक सेवा सल्लाह प्रदान गरिने छ।

४. पहिलो पक्षले नियमित रुपमा कार्यक्रमको अनुगमन निरिक्षण गरिनेछ।

५.यस सम्झौतामा उल्लेखित काम गर्दा पर्न सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भबितब्य पुर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयंम आफै हुनेछ।

देवराज चौधरी
अध्यक्ष

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| कटहरी गा.पा.को तर्फबाट | कृषक,कृषक समुह,कृषि फर्म,कम्पनी तथा सहकारीको तर्फबाट |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| कार्यालयको छाप : | संस्थाको छाप : |

अध्यक्ष

कटहरी गाउँपालिका